# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८ ) काठमाडौं, मंसीर १ गते २०४५ साल ( अतिरिक्ताङ्क ४८ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशीसम्बन्धी नियमावली, २०३२ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्र प्रवेशका लागि भिसा जारी गर्दा लाग्ने दस्तूर, भिसाको म्याद थप गर्दा लाग्ने दस्तूर तथा भिसाको म्याद थप गर्दा प्रतिदिन सटही गर्नुपर्ने विदेशी मुद्रा देहायबमोजिम तोकेको छ ।

१. पर्यटक र गैरपर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूर:

(क) नियोगले पर्यटक वा गैरपर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूर,

(१) एक पटक प्रवेश (सिंगल इन्ट्री) को लागि यू. एस. डलर दश वा सो बराबरको अन्य विदेशी मुद्रा ।

(२) दोहोरो प्रवेश (डबल इन्ट्री) को लागि यू. एस. डलर चालीस वा सो बराबरको अन्य विदेशी मुद्रा ।

(३) बहुप्रवेश (मल्टिपल इन्ट्री) को लागि यू. एस. डलर असी वा सो बराबरको अन्य विदेशी मुद्रा ।

(ख) नेपाल अधिराज्यभित्र पर्यटक वा गैरपर्यटक भिसा जारी गर्दा खण्ड (क) मा तोकिएको दस्तूर बराबरको नेपाली मुद्रा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पर्यटक भिसाको म्याद थप गर्दा लाग्ने दस्तूरः

(१) एक महीनासम्मको म्याद थपको लागि प्रतिहप्ता रू. पचहत्तरले रू. तीन सय।

(२) सो एक महीनापछिको म्याद थपको लागि प्रतिहप्ता रू. एक सय पचासले प्रत्येक महीनाको रू. छ सय।

(३) पर्यटक भिसाको म्याद थप गर्दा जति दिनको निमित्त भिसा थप गरिने हो त्यति दिनको प्रतिदिन यू. एस. डलर दश वा सो बराबरको अन्य विदेशी मुद्रा सटही गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(४) गैरपर्यटक भिसाको म्याद थप गर्दा प्रतिमहीना रू. ५०।– दस्तूर लाग्नेछ।

(५) अन्तरिम भिसा जारी गर्दा यू. एस. डलर दश बराबरको नेपाली रूपैयाँ दस्तूर लाग्नेछ।

(६) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मित्रराष्ट्रहरूले भिसाको दस्तूर उपरोक्त दरभन्दा घटी वा बढी लिई आएको भए पारस्परिकता (Reciprocity) को आधारमा त्यस्ता राष्ट्रका पर्यटकहरूलाई सोही अनुसारको भिसा दस्तूर लाग्नेछ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

४८२

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।